**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०१/०३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | अमरेन्द्र कुसियैत, कृष्णा साह, खुसिलाल साह, सोमप्रसाद आचार्य, सन्तोषकुमार यादव, जीवछकुमार यादव, राम उदगार मण्डल भन्ने राम उदगार खत्वे मण्डल र पुनमकुमारी देवी<br><br>मुद्दा नं. ०८०-CR-०२०६<br><br>फैसला मिति २०८१।१०।०९ | गैरकानुनी लाभ हानि पुऱ्याउने बदनियतले काम गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>**(क) सिरहा जिल्ला, नवराजपुर गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत प्रतिवादी अमरेन्द्र कुसियैत, ईन्जिनियर प्रतिवादी कृष्णा साह, सवइन्जिनियर प्रतिवादी संतोष कुमार यादव र लेखापाल प्रतिवादी सोमप्रसाद आचार्यको हकमाः** प्रतिवादीहरु अमरेन्द्र कुसियैत, कृष्णा साह, संतोष कुमार यादव र सोम प्रसाद आचार्यलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा बिगो रु. १२,०७,२६०।४५ (अक्षरेपि बाह्र लाख सात हजार दुई सय साठी रुपैयाँ पैतालिस पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना सजाय गरी बिगो असुल उपर हुन मागदावी लिइएको देखिन्छ ।<br>साथै प्रतिवादीहरु अमरेन्द्र कुसियैत, कृष्णा साह, संतोष कुमार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना समेतको सजाय हुन मागदावी लिईएको छ।<br>**(ख) सिरहा जिल्ला, नवराजपुर गाउँपालिका वडा नं. २ स्थित मझौरा हुँदै बरगाछि देखि पटनासम्म माटो र ग्राभेल उपभोक्ता समितिका अध्यक्ष प्रतिवादी जिवछ कुमार यादव, कोषाध्यक्ष प्रतिवादी पुनम कुमारी देवी र सचिव प्रतिवादी राम उदगार मण्डल भन्ने राम उदगार खत्वे मण्डलको हकमाः** प्रतिवादीहरु जिवछ कुमार यादव, पुनम कुमारी देवी र राम उदगार मण्डललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा बिगो रु.१२,०७,२६०।४५ (बाह्र लाख सात हजार दुई सय साठी रुपैयाँ पैतालिस पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी विगो जफतसमेत हुन मागदावी लिईएको देखिन्छ।<br>**(ग) सिरहा जिल्ला, नवराजपुर गाउँपालिकाको वडा नं. २ का तत्कालीन वडा अध्यक्ष प्रतिवादी खुसिलाल साहको हकमाः** प्रतिवादी खुसिलाल साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) | • आ.व. २०७७/०७८ मा नवराजपुर गाउँपालिका वडा नं.२ को मझौरादेखि बरगाछी हुँदै पटना जाने सडकसम्मको बाटोमा माटो भर्ने तथा ग्राभेल गर्ने योजनाको कार्य सम्पन्न भएको भन्ने कार्य सम्पन्न प्रतिवेदन र नापी किताबबाट देखिएको।<br>• सोही योजनाको केही भागमा दोस्रो आ.व. २०७८/०७९ मा दोस्रो उपभोक्ता समितिले पनि मर्मत सम्भार गरेको देखिएको, दोहोरा कार्य भएको स्थानमा आयोगबाट खटिएर गएका प्राविधिक ई.मनिष कर्माचार्य समेतको टोली समेतबाट ओभरल्याप भएको स्थानमा नापजाँच नै नगरेको भन्ने देखिन आएकोले प्रतिवादीहरुले आरोप दावीवाट सफाई पाउने। | • जिल्ला सिरहा, नवराजपुर गाउँपालिका वडा नं. २ अन्तर्गत मझौरा देखि बरगाछि हुँदै पटनासम्म माटो र ग्राभेल गर्ने आयोजनाको लागि आ.व. २०७७/०७८ मा रु. २१,७५,५९३।— को लागत अनुमान तयाई भई स्थानीय निकायवाट रु.२०,००,०००।— र उपभोक्ता समितिबाट रु.२,३५,५९३।- बेहोर्ने गरी संझौता भएकोमा उक्त संझौतामा प्राप्त रकम तथा निर्माण सामग्री सम्बन्धित आयोजनाको उद्देश्यको लागि मात्र प्रयोग गर्ने, आयोजना समाप्त भएपछि स्थानीय निकायबाट जाँचपास गरी फरफारक लिने, आयोजनाको कुल लागत भन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविक नै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिन दिन सहमत हुने र आयोजना मिति २०७८/०३/०१ देखि सुरु गरी मिति २०७८/०३/२५ सम्ममा पूरा गर्ने शर्तहरुमा आयोजनाको काम अगाडि बढी उपभोक्ता समितिबाट कार्य सम्पन्न गरी कर कट्टी गरी जम्मा रु.१८,५९,०५२।— भुक्तानी भएको देखिन्छ।उक्त आयोजनामा गुणस्तरहीन कार्य रकम हिनामिना भएको भन्ने समेत व्यहोराको उजुरी आयोगमा परेपछि सोको अनुसन्धानको सिलसिलामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबासबाट मिति २०७९/१२/१४ गते स्थलगत रुपमा खटिई गएको प्राविधिक ईन्जिनियर मनिष कर्माचार्य समेतको टोलीले मिति २०८०।०१।१२ मा पेश गरेको स्थलगत मुचुल्का सहितको प्राविधिक प्रतिवेदनमा उक्त योजनाको स्थलगत अनुगमन निरीक्षण तथा नापजाँच गर्दा ट्रान्सफर्मरदेखि मझौराको बस्ती हुँदै ईमलिगाछीको इमलीचोक भन्ने ईमलीगंजसम्म (०+५८० मिटर लम्बाई) गर्नुपर्नेमा ईमलीगाछीको इमलीचोक भन्ने ईमलीगंजको लक्ष्मी नारायणको मन्दिरदेखि पटना जाने बाटोको ईनर यादवको आँपको बगैचासम्म ६३ मिटर लम्बाई र सोही बाटोको अर्को भागमा १७५ मिटर लम्बाई गरी जम्मा २३८ मिटर लम्बाई मात्र काम गरेको पाइएकोले नवराजपुर गाउँपालिकाबाट उल्लिखित आ.व. २०७७/०७८ को आयोजनामा उपभोक्ता समितिलाई सम्झौता अनुसारको सम्पूर्ण रकम कर कट्टी बाहेक रु.१८,५९,०५२।- भुक्तानी दिएकोमा रु.१२,०७,२६०।४५ (बाह्र लाख सात हजार दुई सय साठी रुपैयाँ पैतालिस पैसा) रकम बास्तविक भए गरेको कार्य भन्दा बढी भुक्तानी गरेको भन्ने स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनबाट स्पष्ट भएकै छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबासबाट ई.मनिष कर्माचार्यको टोलीले उक्त आयोजनाको स्थलगत नापजाँच गर्दा उक्त नवराजपुर गाउँपालिका इन्जिनियर प्रतिवादी कृष्णा साह, उपभोक्ता समितिका व्यक्तिहरु, वडा नं. २ का वडा अध्यक्ष, स्थानीय भद्रभलाद्मी, बुद्धिजीवी समेत रोहबरमा बसी निजहरुले स्थलगत नापजाँच मुचुल्कामा हस्ताक्षर समेत गरेको र स्थलगत नापजाँच गर्ने प्रतिवेदक ई.मनिष कर्माचार्य समेतले अदालतमा उपस्थित भई स्थलगत नापजाँच सहितको प्रतिवेदनलाई पुष्टि हुने गरी बकपत्र समेत गरिसकेको अवस्थामा उक्त प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम स्वीकार योग्य प्रमाणको रुपमा ग्रहण गरी रु. १२,०७,२६०।४५ (बाह्र लाख सात हजार दुई सय साठी रुपैयाँ पैतालिस पैसा) बढी भुक्तानी गरी गाँउपालिकालाई हानि नोक्सानी पुर्‍याउने कार्यमा संलग्न यी प्रतिवादीहरु अमरेन्द्र कुसियैत, कृष्णा साह, संतोष कुमार यादव, सोमप्रसाद आचार्य, जिवछ कुमार यादव, पुनम कुमारी देवी, राम उदगार मण्डल भन्ने राम उदगार खत्वे मण्डल र खुसिलाल साहलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा सो प्रमाण तथा कानूनी व्यवस्थालाई नजरअन्दाज गरी आरोप दावीबाट सफाई दिने ठहर गरी विशेष अदालतबाट भएको फैसला "ने.का.प.२०६० अंक १, निर्णय नं ७१६७ मा प्रतिपादित प्रमाण ऐन, २०३१ को दफा १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदावी लिईएको देखिन्छ।<br>**अदालतको फैसला**<br>प्रस्तुत मुद्दाका विशेष अदालत, काठमाडौंबाट प्रतिवादीहरु **अमरेन्द्र कुसियैत, कृष्णा साह, संतोष कुमार यादव, सोमप्रसाद आचार्य, जिवछ कुमार यादव, पुनम कुमारी देवी, राम उदगार मण्डल भन्ने राम उदगार खत्वे मण्डल र खुसिलाल साह**लाई आरोप दावीबाट सफाई दिने ठहर भई फैसला भएको देखिन्छ। | | बमोजिम प्रतिवेदक साछीले मौकामा ब्यक्त गरेको कुरा अदालतमा उपस्थित भई बकपत्र द्धारा पुष्टि गरेमा प्रमाणमा लिनु पर्ने" भनी प्रतिपादित सिद्धान्त समेतको आधारमा उक्त फैसला Prima Facie Evidence of Corruption को आधारमा त्रुटिपूर्ण देखिँदा बदर भागी छ।<br>• उक्त नवराजपुर गाउँपालिकाका सव-इन्जिनियर प्रतिवादी संतोष प्रसाद यादव र इन्जिनियर प्रतिवादी कृष्णा साहद्वारा तयार गरिएको लागत अनुमान स्थानीय निकायवाट रु.२०,००,०००।— र उपभोक्ता समितिबाट रु.२,३५,५९३।— बेहोर्ने भएकोमा स्थलगत रुपमा सो अनुसारको काम नगरी जम्मा रु. ६,५१,७९१.५५ बारावारको मात्र कार्य गरि रु. रु.१२,०७,२६०।४५ (बाह्र लाख सात हजार दुई सय साठी रुपैयाँ पैतालिस पैसा) रकम बास्तविक भए गरेको कार्य भन्दा बढी भुक्तानी गरेको तथ्य स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनबाट स्थापित भएको छ। यसरी भए गरेको काम भन्दा बढी मूल्याङ्कनको प्राविधिक इष्टिमेट **Measurement book** (नापी किताव), **valuation sheet, work completion report** समेत तयार गरी नवराजपुर गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत प्रतिवादी अमरेन्द्र कुसियैत समेतले प्रमाणित गरी उपभोक्ता समितिलाई रकम भुक्तानी गरेको तथ्य पुष्टि भई रहेकै देखिन्छ। उक्त आयोजनाको उपभोक्ता समितिका अध्यक्ष जिवछ प्रसाद यादवसमेतका पदाधिकारीहरुले कार्य सम्पन्न गरेको भनी झुट्टा विल भरपाई, नापी किताव, कार्य सम्पन्न प्रतिवेदन पेश गरी गराई रकम भुक्तानी लिएको देखिएको, योजना सम्झौता र नापी कितावमा उल्लेख भएबमोजिम फिल्डमा काम नगरी लागत अनुमान अनुमानभन्दा कम परिमाणको काम गरी गराई वास्तविक काम भन्दा बढीको मूल्यांकन गरि गराई भुक्तानी लिएको देखिन्छ। सडक ग्राभेल तथा माटो ढुवानी समेतको लागि नवराजपुर गाउँपालिकाको नामको सरकारी सवारी साधन नम्बर स १ ग ३९ (दर्ता मिति २०७५/११/२९) को सवारी प्रयोग गरे गराएकोमा उक्त सवारी **प्रमोद साह** भन्ने व्यक्तिको हो निजवाट भाडामा लिई प्रयोग गरिएको हो भन्ने समेत ब्यहोराको झुट्टा भरपाई कागजात तयार गरी गराई सोही सवारी साधनबाट ग्राभेल खरिद तथा ढुवानी गरेको भनी रकम भुक्तानीको लागि पेश गरेको देखिन्छ। निज प्रमोद साहलाई अनुसन्धानको क्रममा बुझ्दा उक्त सवारी साधन आफ्नो नभएको, आयोजनाको कुनै पनि कामका लागि आफ्नो गाडी प्रयोग नभएको बेहोरा खुलाई दिएको देखिन्छ। योजना संचालन गर्दा स्थानीय निकाय र उपभोक्ता समितिबीच गरिने नवराजपुर गाउँपालिकाको कार्यविधि, २०७४ मा भएको व्यवस्था बमोजिम आयोजना समाप्त भएपछि स्थानीय निकायबाट जाँचपास गरी फरफारक गरी भुक्तानी लिनु/दिनुपर्नेमा सो समेत गरेको देखिँदैन। उक्त गाउँपालिकाका तत्कालीन उपाध्यक्ष तथा अनुगमन समितिका संयोजक शोभा कुमारी यादव भन्ने शोभा कुमारीले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा "उक्त योजनामा भएको कार्यको नापजाँच प्राविधिकले मात्र गरेको हो हामी अनुगमन टोलीले गरेको थिएन, प्राविधिक नापजाँचको प्रतिवेदनमा विश्वासमा हामी अनुगमन गर्न गएको होइन" भन्ने समेतको बेहोरा लेखाइदिएको समेतका आधार प्रमाणबाट यी प्रतिवादीहरुले झुट्टा विल भरपाई बनाई नभए नगरेको कामलाई भए गरेको भनी नापी किताव, कार्य सम्पन्न प्रतिवेदन र उपभोक्ता समितिको बिलमा चढाई झुट्टा मूल्याङ्कन गरी गराई नापी किताव, कार्य सम्पन्न प्रतिवेदन तयार गरी गराई भुक्तानीको लागि स्वीकृत गरी गराई, बास्तविक भए गरेको काम भन्दा बढी कार्य गरेको भनी रु.१२,०७,२६०।४५ (बाह्र लाख सात हजार दुई सय साठ रुपैयाँ पैतालिस पैसा मात्र) भुक्तानी लिने दिने कार्यमा प्रतिवादीहरुको बदनियत पुष्टि भइरहेको देखिँदा देखिँदै उक्त प्रमाणहरुको विश्लेषण नगरी यी प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी विशेष अदालत काठमाडौंबाट भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • जिल्ला सिरहा, नवराजपुर गाउँपालिका वडा नं. २ अन्तर्गत मझौरा देखि बरगाछि हुँदै पटनासम्म माटो र ग्राभेल गर्ने आयोजनाको लागि आ.व. २०७७/०७८ मा स्थानीय निकायबाट रु.२०,००,०००।— विनियोजन भई आर्थिक वर्षको अन्त्यमा मिति २०७८/०३/०१ देखि आयोजना सुरु गरी मिति २०७८/०३/२५ सम्ममा पूरा गर्ने शर्तमा उपभोक्ता समितिलाई कार्यदिश दिइएकोमा कार्य सम्पन्न भएपश्चात गाउँकार्यपालिकाबाट उपभोक्ता समितिलाई मिति २०७८/०३/२६ मा गोश्वारा भौचर नं.२ मार्फत् जम्मा रु.१८,५९,०५२।— भुक्तानी भएको तथ्यमा विवाद छैन। तथापि लगत्तै अर्को आ.व. २०७८/०७९ मा नवराजपुर गाउँपालिकाको वडा नं. २ अतर्गत सोही मझौरा हुँदै बरगाछीदेखि पटनासम्म माटो र ग्राभेल गर्ने कार्यका लागि रु.१५,००,०००।— विनियोजन भएकोमा दोस्रो आर्थिक वर्षमा समेत निज जिवछ प्रसाद यादव नै अध्यक्ष भएको उपभोक्ता समिति गठन गरी दोस्रो उपभोक्ता समितिलाई गाउँपालिकाबाट पुनः रु.१३,९९,५७५।— (अक्षरेपि तेह लाख उन्नानसय हजार पाँच सय पचहत्तर मात्र) रुपैयाँ भुक्तानी लिए दिएको देखिएबाट आ.व. २०७७/०७८ मा मझौरा वरगाछी हुँदै पटनासम्म माटो र ग्राभेल आयोजनामा काम नै नगरी यी प्रतिवादीहरुले भुक्तानी लिए दिएको बदनियत पुष्टि गरेको देखिन्छ । यसर्थ हरेक आर्थिक वर्षमा एउटै आयोजना सञ्चालन गर्नका लागि गाउँपालिकाबाट रकम विनियोजन हुनु, दुवै उपभोक्ता समितिको अध्यक्ष एउटै व्यक्ति हुनु, आयोजनाको काममा भएको ओभरल्यापको नापजाँच गर्न प्राविधिक कठिनाई हुनु जस्ता आधार प्रमाणलाई विश्लेषण नगरी प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण देखिदा बदरभागी छ।<br>• यी प्रतिवादीहरुले आपसी मिलेमतो र संलग्नतामा आ.व. २०७८/०७९ मा उपभोक्ता समितिका अध्यक्ष जिवछ प्रसाद यादव समेतका पदाधीकारीहरुले कार्य सम्पन्न गरेको योजनाको कार्य आ.व. २०७७/०७८ मा उपभोक्ता समितिका सचिव राम उदगार मण्डलसमेतका पदाधिकारीले कार्य गरेको भनी झुट्टा विल भरपाई, नापी किताव, कार्य सम्पन्न प्रतिवेदन पेश गरी गराई रकम भुक्तानी लिएको देखिएको, आ.व. २०७७/०७८ मा जिल्ला सिरहा, नवराजपुर गाउँपालिका वडा नं. २ स्थित मझौरादेखि वरगाछी हुँदै पटनासम्म माटो र ग्राभेल योजना सम्झौता र नापी कितावमा उल्लेख भएबमोजिम फिल्डमा काम नगरी, लागत अनुमान बमोजिमको कार्य विवरण शंसोधन नगरी लागत अनुमानभन्दा फरक र कम परिमाणको काम गरी गराई वास्तविक काम भन्दा बढीको मूल्यांकन गराई, ग्राभेल खरिद तथा ढुवानी समेतको लागि नवराजपुर गाउँपालिकाको नामको सरकारी सवारी साधन नम्बर स १ ग ३९ (दर्ता मिति २०७५/११/२९) को सवारी प्रयोग गरे गराएकोमा उक्त सवारी **प्रमोद साह**को भनी झुट्टा भरपाई लगायतको कागजात तयार गरी गराई सोही सवारी साधनबाट ग्राभेल खरिद तथा ढुवानी गरेको भनी रकम भुक्तानीको लागि पेस गरेको, योजना संचालन गर्दा स्थानीय निकाय र उपभोक्ता समितिबीच गरिने नवराजपुर गाउँपालिकाको कार्यविधि, २०७४ मा भएको व्यवस्था साथै सम्झौता पत्रमा समेत उल्लेख भएको ४ नं. सर्त बमोजिम आयोजना समाप्त भएपछि स्थानीय निकायबाट जाँचपास गरी फरफारक गरी भुक्तानी लिनु/दिनुपर्नेमा सो नगरी, झुट्टा विल भरपाई बनाई नभए नगरेको कामलाई भए गरेको भनी नापी किताव, कार्य सम्पन्न प्रतिवेदन र उपभोक्ता समितिको बिलमा चढाई झुट्टा मूल्याङ्कन गरी गराई नापी किताव, कार्य सम्पन्न प्रतिवेदन तयार गरी गराई भुक्तानीको लागि स्वीकृत गरी गराई, बास्तविक भएगरेको काम भन्दा बढी कार्य गरेको भनी देखाई बढी रकम रु.१२,०७,२६०.४५/- (बाह्र लाख सात हजार दुई सय साठ रुपैयाँ पैतालिस पैसा मात्र) भुक्तानी लिई दिई प्रतिवादी राष्ट्रसेवकहरुले आफू तथा उपभोक्ता समितिका पदाधिकारीहरुलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गैरकानुनी लाभ पुर्‍याउने र नवराजपुर गाँउपालिकालाई गैरकानुनी हानिनोक्सानी पुर्‍याउने बद्नियतले उपभोक्ता समितिलाई भुक्तानी दिने/लिने कार्य गरे/गराएबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को देहाय (ग) र (ङ), सोही ऐनको दफा ८(४) एवं उक्त ऐन कै दफा १९(२) बमोजिमको कसूर गरेको तथ्य पुष्टि भई रहेको अवस्था मिशिल संलग्न तथ्यलाई समर्थन वा पुष्ट्याउने प्रमाण (Corroborative Evidence) सबैको समष्टिगत मूल्यांकन (Principle of Totality of Evidence) को आधारमा विश्लेषण गरि फैसला गर्नु पर्ने आत्मविश्लेषणयुक्त छिद्रहरु खोजी प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरी भएको फैसला ने.का.प. २०७२, अंक ६, निर्णय नं ९४१४ मा उल्लेखित "कानून बमोजिम अधिकार प्राप्त अधिकारीवाट भएको अनुसन्धान तहकिकातवाट संकलित सबुद प्रमाणहरुको आधारमा अभियोजन भएकोमा त्यस प्रति शंका गर्न उपयुक्त नहुने" सिद्धान्त समेतको आधारमा त्रुटिपूर्ण देखिँदा बदर भागी छ।<br><br>अतः उल्लिखित आधार, कारण तथा न्यायिक सिद्धान्त समेतका आधारमा प्रतिवादीहरु अमरेन्द्र कुसियैत, कृष्णा साह, खुसिलाल साह, सोमप्रसाद आचार्य, सन्तोषकुमार यादव, जीवछकुमार यादव, राम उदगार मण्डल भन्ने राम उदगार खत्वे मण्डल र पुनमकुमारी देवीलाई आरोप दावी बमोजिम सजाय गर्नुपर्नेमा मिसिल संलग्न प्रमाणहरुको विश्लेषण नगरी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी विशेष अदालत काठमाडौंबाट भएको फैसला त्रुटीपुर्ण देखिदा उक्त फैसला बदर गरी निज प्रतिवादीहरु अमरेन्द्र कुसियैत, कृष्णा साह, खुसिलाल साह, सोमप्रसाद आचार्य, सन्तोषकुमार यादव, जीवछकुमार यादव, राम उदगार मण्डल भन्ने राम उदगार खत्वे मण्डल र पुनमकुमारी देवी समेतलाई आरोप दावी बमोजिम सजाय गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गरिन्छ। |